*चौधौं नुवाकोट जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शील्ड खेलकूद प्रतियोगिता भव्यतापूर्वक सम्पन्न भएको सन्दर्भमा पञ्चकन्या गाउँपालिकाद्वारा प्रकाशित गरिएको*

## हार्दिक आभार तथा शुभ-कामना सन्देश

प्रस्तुत विषयमा जिल्ला खेलकूद विकास समिति, नुवाकोट र पञ्चकन्या गाउँपालिकाको संयुक्त आयोजनामा यसै गाउँपालिकाको मनोरम पर्यटकीय क्षेत्र घ्याङ्स्वारा शहीद स्मारक पार्क तथा खेलमैदानको नवनिर्मित प्राङ्गणमा मिति २०८१/१२/२९ गते बागमती प्रदेशका मुख्यमन्त्री माननीय बहादुर सिंह लामाज्यूको प्रमुख आतिथ्यतामा समुद्घाटन भई मिति मिति २०८२/१/०१ गते प्रतिनिधि सभाका सांसद तथा पूर्व संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री माननीय हित बहादुर तामाङज्यूको प्रमुख आतिथ्यतामा समापन भएको चौधौं नुवाकोट जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शील्ड प्रतियोगितालाई भव्य, सभ्य र ऐतिहासिक रुपमा सम्पन्न गर्न अतुलनीय भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण विशेष अतिथिज्यूहरु, माननीय सांसदज्यूहरु, जिल्लास्थित विभिन्न राजनैतिक दलका प्रतिनिधिज्यूहरु, नुवाकोट जिल्लाका सबै स्थानीय तहका प्रमुख तथा उपप्रमुखज्यूहरु, जिल्लास्थित कार्यालय प्रमुखज्यूहरु, विभिन्न संघसंस्थाका प्रतिनिधिज्यूहरु, सहभागी खेलाडीहरु, प्रशिक्षक, शिक्षक तथा कर्मचारीवर्ग, पत्रकार तथा मिडियाकर्मी लगायत सम्पूर्ण खेलप्रेमी महानुभावहरुलाई यहाँहरुको गरिमामय उपस्थितिप्रति पञ्चकन्या गाउँकार्यपालिकाको कार्यालय परिवार हार्दिक धन्यबाद तथा आभार प्रकट गर्दछ।

यस्ता कार्यक्रमहरुले आगामी दिनमा स्थानीय तह, जिल्ला र समग्र मुलुककै खेल क्षेत्रको विकास गर्न महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वासको साथै उक्त कार्यक्रमप्रति यहाँहरुले दर्शाउनुभएको न्यानो माया, सद्भाव र अपनत्वको लागि पुनः एकपटक हार्दिक कृतज्ञता प्रकट गर्दै नयाँ वर्ष २०८२ को पावन अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण पञ्चकन्याबासी र पञ्चकन्याका शूभेच्छुकहरुप्रति हार्दिक मङ्गलमय शूभकामना समेत व्यक्त गर्दछु।

(तेज बहादुर तामाङ)

अध्यक्ष

पञ्चकन्या गाउँकार्यपालिकाको कार्यालय, नुवाकोट